NIC ASIA
एन आई सी एशिया बैंक लि.

च.नं.:NICASIA/CS/082-83/220-5
मिति: २०८३/०१/२२

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरबारप्लाजा, काठमाडौं ।

विषय: साधारण सभा बस्ने बारे

महोदय,

उपर्युक्त विषयमा मिति २०८३/०१/२० मा सम्पन्न यस बैंकको सञ्चालक समितिको ७५७औं बैठकको निर्णयानुसार बैंकको अट्ठाईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएको व्यहोरा जानकारीका लागि सादर अनुरोध छ ।

सभा बस्ने मिति, समय र स्थान

मिति : २०८३ ज्येष्ठ १८ गते, सोमबार (तदनुसार १ जुन २०२६) ।
समय : बिहान ९:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं

छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.ब. २०८१/८२ को नाफा-नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.ब. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
५. मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार संस्थापक शेयरधनी समूहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री तुलसीराम अग्रवालज्यूले मिति २०८२/०९/०४ मा सञ्चालक तथा अध्यक्षको पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०९/०६ मा सम्पन्न सञ्चालक समितिको ७४२औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/०९ मा सम्पन्न सञ्चालक समितिको ७४३औं बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि काठमाडौं जिल्ला

NIC ASIA BANK LTD. REGISTERED OFFICE KATHMANDU 3067773

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

काठमाडौं महानगरपालिका वडा नं. २, लाजिम्पाट (स्थायी ठेगाना धरान वडा नं. ५, सुनसरी) निवासी श्री अशोक कुमार अग्रवालज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।

६. मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार सर्वसाधारण शेयरधनी समुहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री गणेश मान श्रेष्ठज्यूले मिति २०८२/०९/१८ मा सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०९/२० मा सम्पन्न सञ्चालक समितिको ७४६औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/२९ मा सम्पन्न सञ्चालक समितिको ७४७औं बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १० निवासी श्री अनुपा प्रधान राजभण्डारीज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।

७. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१. प्रचलित कानून एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको तत्काल कायम रहेको साधारण शेयरको चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) को २:१ अनुपातमा रु. ७,४५,८७,८३,५००/- (अक्षरेपी सात अर्ब पैंतालीस करोड सतासी लाख त्रीयासी हजार पाँच सय रुपैयाँ) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपी एक सय रुपैयाँ मात्र) को ७,४५,८७,८३५ (सात करोड पैंतालीस लाख सतासी हजार आठ सय पैंतीस) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने । साथै, हकप्रद शेयर जारी गर्न सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गर्ने क्रममा कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

२. बैंकको साबिक अधिकृत पूँजी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३८,००,००,०००/- (अक्षरेपी सत्ताईस अर्ब अड्तीस करोड रुपैयाँ) बनाउन, साबिक तत्काल जारी पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन र साबिक तत्काल चुक्ता पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने ।

३. बैंकको प्रबन्धपत्रमा/नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

४. प्रबन्धपत्र/नियमावली संशोधन स्वीकृतिको क्रममा सम्बन्धित निकायहरुबाट कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. २८ कमलादी, प्रज्ञा मार्ग ५१ मा अवस्थित बैंकको आफ्नै भवनमा कायम गर्ने ।

NIC ASIA BANK LTD. REGISTERED OFFICE 3067774

NIC ASIA
एन आई सी एशिया बैंक लि.

(ग) विविध ।

धन्यवाद ।

भवदीय,

दिनेश भारी
कम्पनी सचिव

संलग्न: मिति २०८३/०१/२२ गतेको "कारोबार" राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित २८औं वार्षिक साधारण सभा हुने बारे सूचनाको प्रतिलिपी.......१

NIC ASIA BANK LTD.
REGISTERED OFFICE
KATHMANDU

3067775

Registered Office
Trade Tower Nepal, Thapathali, Kathmandu
Tel: 977-1-5111177/78/79/88 Fax: 977-1-5111180
Swift: NICENPKA www.nicasiabank.com
नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजतपत्रप्राप्त संस्था

ISO 9001 Certified Bank

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०,
टोल फ्री नं.: १६६०-०१-७७७७१ (NTC) १८१०-२१-७७७७१ (NCELL)
सुझावको लागि: FB टाईप गरी ३७७८८ मा SMS पठाउनुहोस्

अट्ठाईसौं वार्षिक साधारण सभाको सूचना

मिति २०८३/०१/२० मा सम्पन्न यस बैंकको सञ्चालक समितिको ७५७ औं बैठकको निर्णयानुसार बैंकको अट्ठाईसौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवं उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछु ।

सभा बस्ने मिति, समय र स्थान :

मिति : २०८३ ज्येष्ठ १८ गते, सोमबार (तदनुसार १ जुन २०२६) ।
समय : बिहान ९:०० बजे ।
स्थान : आर्मी अफिसर्स क्लब, भद्रकाली, काठमाडौं

छलफल तथा निर्णयका लागि निर्धारित विषयसूची :

(क) सामान्य प्रस्ताव

१. आर्थिक वर्ष २०८१/८२ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित २०८२ आषाढ मसान्तसम्मको वासलात र आ.व. २०८१/८२ को नाफा- नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी स्वीकृत गर्ने ।
३. यस बैंक तथा बैंकको सहायक कम्पनी एन आई सी एशिया लघुवित्त वित्तीय संस्था लि. तथा एन आई सी एशिया क्यापिटल लि. को आ.व. २०८१/८२ को वित्तीय विवरण सहितको एकीकृत वित्तीय विवरण उपर छलफल गरी स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारिश बमोजिम आर्थिक वर्ष २०८२/८३ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने ।
५. मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार संस्थापक शेयरधनी समूहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री तुलसीराम अग्रवालज्यूले मिति २०८२/०१/०७ मा सञ्चालक तथा अध्यक्षको पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०२/०६ मा सम्पन्न सञ्चालक समितिको ७४२औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/०२ मा सम्पन्न सञ्चालक समितिको ७६३औं बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. २ लाजिम्पाट (स्थायी ठेगाना धरान वडा नं. ५, सुनसरी) निवासी श्री अशोक कुमार अग्रवालज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।
६. मिति २०७८/१२/२० मा सम्पन्न यस बैंकको २४औं वार्षिक साधारण सभाको निर्णयानुसार सर्वसाधारण शेयरधनी समूहबाट ४ वर्षको लागि निर्वाचित सञ्चालक श्री गणेश मान श्रेष्ठज्यूले मिति २०८२/०९/१८ मा सञ्चालक पदबाट राजिनामा दिनुभएकोमा निजको राजिनामा मिति २०८२/०९/२० मा सम्पन्न सञ्चालक समितिको ७६६औं बैठकको निर्णयानुसार स्वीकृत भएकोमा मिति २०८२/०९/२९ मा सम्पन्न सञ्चालक समितिको ७६७औं बैठकको निर्णयानुसार निजको बाँकी कार्यकालको लागि ललितपुर जिल्ला, ललितपुर महानगरपालिका वडा नं. १० निवासी श्री अनुपा प्रधान राजभण्डारीज्यूलाई नियुक्त गरेको निर्णयलाई अनुमोदन गर्ने ।
७. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालक र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने ३ जना सञ्चालकको लागि निर्वाचन गर्ने ।

(ख) विशेष प्रस्ताव

१. प्रचलित कानून एवं नियमनकारी व्यवस्थाहरुको अधिनमा रही सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गरी सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम बैंकको तत्काल कायम रहेको साधारण शेयरको चुक्ता पूँजी रु. १४,९१,७५,६६,९२२/- (अक्षरेपी चौध अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) को २:१ अनुपातमा रु. ७,४५,८७,८३,५००/- (अक्षरेपी सात अर्ब पैंतालीस करोड सतासी लाख त्रीयासी हजार पाँच सय रुपैयाँ) बराबरको प्रति कित्ता रु. १००/- (अक्षरेपी एक सय रुपैयाँ मात्र) को ७,४५,८७,८३५ (सात करोड पैंतालीस लाख सतासी हजार आठ सय पैंतीस) कित्ता हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने । साथै, हकप्रद शेयर जारी गर्न सम्बन्धित निकायहरुको आवश्यक स्वीकृति प्राप्त गर्ने क्रममा कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

२. बैंकको साविक अधिकृत पूँजी रु. १९,९२,००,००,०००/- (अक्षरेपी उन्नाईस अर्ब बयानब्बे करोड रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३८,००,००,०००/- (अक्षरेपी सत्ताईस अर्ब अड्तीस करोड रुपैयाँ) बनाउन, साविक तत्काल जारी पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन र साविक तत्काल चुक्ता पूँजी रु. १९,९१,७५,६६,९२२/- (अक्षरेपी उन्नाईस अर्ब एकानब्बे करोड पचहत्तर लाख छैसट्ठी हजार नौ सय बाईस रुपैयाँ) लाई वृद्धि गरी रु. २७,३७,६३,५०,४२२/- (अक्षरेपी सत्ताईस अर्ब सैंतीस करोड त्रिसट्ठी लाख पचास हजार चार सय बाईस रुपैयाँ) बनाउन स्वीकृति प्रदान गर्ने ।

३. बैंकको प्रवन्धपत्रमा/नियमावलीमा समसामयिक संशोधन/थप गर्ने ।

४. प्रबन्धपत्र/नियमावली संशोधन स्वीकृतिको क्रममा सम्बन्धित निकायहरुबाट कुनै फेरबदल, संशोधन वा थपघट गर्न निर्देशन वा सुझाव प्राप्त भएमा सोही बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने ।

५. यस बैंकको रजिष्टर्ड (केन्द्रीय) कार्यालय काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका वडा नं. ३८ कमलादी, प्रजा मार्ग ५१ मा अवस्थित बैंकको आफ्नै भवनमा कायम गर्ने ।

(ग) विविध ।

आज्ञाले,
कम्पनी सचिव

साधारण सभा सम्बन्धी अन्य जानकारी

१. सम्पूर्ण शेयरधनी महानुभावहरुलाई शेयरधनी लगतमा कायम रहेको निजहरुको ठेगानामा साधारण सभाको सूचना र बैंकको वार्षिक संक्षिप्त आर्थिक विवरण पठाइने व्यवस्था गरिएको छ । ठेगाना पुरा नभएका तथा उक्त कागजात प्राप्त नगर्नु हुने शेयरधनी महानुभावहरुले वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखापरीक्षकको प्रतिवेदन निरीक्षण गर्न यस बैंकको कुनै पनि शाखा कार्यालयहरुमा सम्पर्क गर्न सक्नुहुनेछ । साथै उपरोक्त उल्लेखित विवरण/प्रतिवेदनहरु यस बैंकको वेवसाइट www.nicasiabank.com मा समेत upload गरिएको छ ।

२. वार्षिक साधारण सभामा भौतिक रुपमा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले शेयर प्रमाणपत्र/हितग्राही (DEMAT) खाता खोलिएको प्रमाण र आफ्नो परिचय खुल्ने प्रमाण वा सोको प्रतिलिपि (जस्तै नागरिकता प्रमाणपत्र वा अन्य कुनै फोटो सहितको परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनुहुन अनुरोध छ । हाजिरी पुस्तिका बिहान ८ बजे देखि सभा चालु रहुन्जेल सम्म खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले बैंकको सोही समूहको अर्को शेयरधनीलाई मात्र प्रतिनिधी नियुक्त गर्न सक्नुहुनेछ । प्रचलित कम्पनी कानूनले तोकेको ढाँचामा प्रतिनिधिपत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनुभन्दा कम्तीमा ४८ घण्टा अगावै अर्थात् मिति २०८३/०२/१६ गते बिहान ९ बजे भित्र बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली, काठमाडौंमा दर्ता गराई सक्नुपर्नेछ ।

४. नाबालक वा मानसिक सन्तुलन ठीक नभएको शेयरधनीहरुको तर्फबाट बैंकको शेयर लगत दर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको महानुभावहरुले सभामा भाग लिन, मतदान गर्न वा प्रतिनिधी तोकन सक्नु हुनेछ ।

५. संयुक्त रुपमा शेयर खरीद गरिएको अवस्थामा शेयरधनीको लगत दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधी नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन वा मतदान गर्न पाउनुहुनेछ ।

६. सभामा भाग लिन प्रतिनिधी नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनीले आफैले भाग लिन वा प्रतिनिधी फेरबदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तीमा ३६ घण्टा अगावै सो को सूचना बैंकको रजिष्टर्ड कार्यालय, ट्रेड टावर नेपाल, थापाथली काठमाडौंमा दर्ता गरिसक्नुपर्नेछ, अन्यथा प्रतिनिधि फेरबदल हुन सक्ने छैन । तर सभामा सम्बन्धित शेयरधनी स्वयं उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको अख्तियारनामा स्वत: बदर हुनेछ ।

७. छलफलको विषय मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा साधारण सभामा छलफल गर्नुपर्ने भए इच्छुक शेयरधनीले सभा हुनुभन्दा ७ दिन अगावै सो विषय कम्पनी सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुहुन अनुरोध छ ।

८. वार्षिक साधारण सभालाई ध्यानमा राखी मिति २०८३/०२/०६ गते देखि २०८३/०२/१८ गतेसम्म बैंकको शेयर दाखिल खारेज दर्ता बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा मिति २०८३/०२/०६ गते भन्दा अगाडि कारोबार भई ७ कार्य दिनभित्र यस बैंकको शेयर रजिष्ट्रार एन आई सी एशिया क्यापिटल लि. थापाथली, काठमाडौंमा प्राप्त शेयर नामसारीको लिखतको आधारमा शेयरधनी दर्ता किताबमा कायम शेयर धनीहरुले सो सभामा भाग लिन तथा मतदान गर्न पाउन सक्नुहुनेछ ।

९. सञ्चालकको निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०८३/०२/०१ मा बैंकको रजिष्टर्ड कार्यालयको सूचना पाटीमा तथा बैंकको वेबसाइटमा प्रकाशन गरिनेछ ।

१०. सुरक्षाको दृष्टिकोणले शेयरधनी महानुभावहरु सभा स्थलमा आउँदा झोला, ब्याग जस्ता वस्तुहरु नलिई आउनु हुन अनुरोध छ । आवश्यक देखिएमा सुरक्षाकर्मीले जाँच गर्न सक्ने हुँदा सो कार्यमा सहयोग गरिदिनु हुन समेत अनुरोध गरिन्छ ।

अन्य जानकारीको लागि बैंकको कर्पोरेट कार्यालय, कमलादी, काठमाडौं स्थित सञ्चालक समितिको सचिवालय (टेलिफोन नं. ०१-५२७१२०७/९८) मा सम्पर्क राख्न समेत अनुरोध गरिन्छ ।